जि.का.सप्तरी द.नं. १(१०३९/०६/१८)-०३९/०४०
म.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४० अंक ३५ २०७८ साल चैत २० गते आइतवार (3 Apr. 2022 Sunday) मूल्य रु. ७/-

कसैलाई सर्पले टोकिहालेमा

- नआत्तिऔं र विरामीलाई सान्त्वना दिऔं,
- सर्पको विष अत्यन्त छिटो फैलिने भएकोले प्राथमिक उपचारका नाममा समय खेर नफालौं,
- परम्परागत झारफूकको विधिमा नअलमलिऔं,
- जतिसक्दो चाँडो विरामीलाई अस्पताल तथा उपचार केन्द्र पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र* – पृष्ठ २ मा : म्यादीमा जागिर लगाइदिने ... पृष्ठ ३ मा : सामाजिक स्वास्थ्य सुरक्षा ... पृष्ठ ५ मा : राजविराज द किंग्स मेयरकप ... पृष्ठ ६ मा : जिर्ण सडक मर्मतका लागि ...

# दुर्घटनामा गम्भिर घाइते भएका मण्डलको उपचारका क्रममा मृत्यु

**राजविराज**/मोटरसाइकल र साइकल एक आपसमा ठोकिदा गम्भिर घाइते भएका एक यूवकको उपचारका क्रममा शनिबार मृत्यु भएको छ। मृत्यु हुनेमा सप्तरीको रुपनी गाउँपालिका २ का ३५ वर्षिय दिपेन्द्र मण्डल छन्।

गत चैत २ गते उनले चलाउँदै गरेको साइकल र विपरीत दिशाबाट आउँदै गरेको मोटरसाइकल राजविराज-रुपनी सडकखण्डको रायपुरमा एक आपसमा ठोकिदा मण्डल गम्भिर घाइते भएका थिए।

सोही दुर्घटनामा मोटरसाइकल चालक राजविराज नगरपालिका ९ मलेठ ९ निवासी ३२ वर्षिय रामकुमार खंग पनि गम्भिर घाइते भएका थिए।

गम्भिर अवस्थामा दुबै जनालाई सोही दिन उपचारका लागि बिराटनगरस्थित गोल्डेन अस्पतालमा भर्ना गरिएकोमा बिहान ४ बजेतिर मण्डलको मृत्यु भएको आफन्तजनले जनाएका छन्।

पीडित परिवारले गोल्डेन अस्पतालका चिकित्सकहरुले दुई दिनअघि नै मृत्यु भइसकेका मण्डलको उपचार खर्च वापतको सबै रकम असुली गरिसकेपछि शनिबार बिहान मात्र मृत्यु भएको जानकारी गराएको दाबी गर्दै उक्त विषयको छानबिन हुनु पर्ने माग गरेका छन्।

यता सोही दुर्घटनामा गम्भिर घाइते भएका मोटरसाइकल चालक राजविराज ९ निवासी खंगको अवस्थामा अझै सुधार आउन सकेको छैन्।

# सासु भत्ता बितरणमा ढिलाई भएकोप्रति ध्यानाकर्षण

**राजविराज**/जनता प्रगतिशील पार्टी नेपालले सामाजिक सुरक्षा भत्ता वितरणमा ढिलाई भइरहेको भन्दै सप्तरीको तिलाठी कोईलाडी गाँउपालिकालाई ध्यानाकर्षण गराएको छ।

पार्टीका केन्द्रिय सदस्य हेमशंकर सिंहद्वारा मंगलबार जारि विज्ञप्तिमा जिल्लाको अधिकांश स्थानिय तहमा भत्ता वापतको दुई किस्ता रकम वितरण भइसकेको र तेस्रो किस्ता रकम वितरणको तयारी रहेको जनाउँदै तिलाठी कोईलाडी गाउँपालिकामा हाल सम्म एक किस्ता मात्र सामाजिक सुरक्षा भत्ता वितरण भएकोप्रति ध्यानाकर्षण गराएको हो।

सोही विज्ञप्तिमा "जेष्ठ नागरिक, एकल महिला, फरक क्षमता भएका ब्यक्ति बालबालिका सहित सिमान्तकृत समुदायको सुरक्षाका लागि राज्यले उपलब्ध गराउदै आएको आर्थिक सहयोग गाउँपलिकाले समयमा बितरण नगर्दा जेष्ठ नागरिकहरुको औषधी उपचारमा समेत कठिनाई उत्पन्न हुने गरेको छ।" उल्लेख छ।

# सप्तरीमा ५ सय ३६ वटा मतदान केन्द्र तथा २ सय ९७ मतदान स्थल

**राजविराज**/आगामी बैशाख ३० गते हुने स्थानिय तह निर्वाचनका लागि सप्तरी जिल्लामा ५ सय ३६ वटा मतदान केन्द्र तथा २ सय ९७ मतदान स्थल तोकिएको छ।

९ नगरपालिका र ९ गाउँपालिका गरि १८ वटा स्थानिय तह रहेको सप्तरीमा मतदाताको सहजताका लागि गत स्थानिय तहको निर्वाचन भन्दा ५८ वटा नयाँ मतदान केन्द्र थपिएको हो।

जिल्ला निर्वाचन कार्यालय सप्तरीका प्रमुख रमेशकुमार जोशीका अनुसार अघिल्लो निर्वाचन भन्दा जिल्लामा यस पटक ६६ हजार ३१ मतदाता थपिएका छन्।

नयाँ थपिएका मतदातासहित जिल्लामा २ लाख १३ हजार ८ सय ९२ पुरुष, १ लाख ९८ हजार ५ सय ३२ महिला र अन्य २१ गरि मतदाताको कुल संख्या ४ लाख १२ हजार ४ सय ४५ पुगेको छ। प्रत्येक मतदान केन्द्रमा ५ जना कर्मचारी र ३ जना स्वयमसेवक परिचालन गरिने छ।

एक मतदान केन्द्रमा एक मतदान अधिकृत, एक सहायक मतदान अधिकृत, दुई सहायक कर्मचारी र एक जना कार्यालय सहयोगिसहित करिब दुई हजार ७ सय कर्मचारी खटिने कार्यालय प्रमुख जोशीले जानकारी दिएका छन्।

सप्तरीमा सबै भन्दा बढी राजविराज नगरपालिकामा ३९ हजार ६ सय ९२ मतदाता छन्। सबैभन्दा कम बलानबिहुल गाउँपालिकामा सप्स१४ हजार ४ सय १८ मतदाता छन्।

डढेलो नियन्त्रण गरौं, बातावरण जोगाऔं।

**डढेलोले,**

- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- देशको आर्थिक समृद्धिमा प्रतिकुल असर पार्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- बाढीपहिरो तथा भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

त्यसैले, वन पैदावारको संकलन तथा खेती किसानी गर्दा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत तोकिए

**राजविराज**/आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत तोकिएको छ।

सप्तरीको १८ वटै स्थानिय तहका लागि सप्तरी जिल्ला अदालतका न्यायाधिश चन्द्रमणि ज्ञवालीलाई मुख्य निर्वाचन अधिकृतका साथै राजविराज नगरपालिकाको निर्वाचन अधिकृत समेत तोकिएको छ।

यस्तै अग्नीसाइर कृष्णासवरन गाउँपालिकामा मेघनाथ चापागाई, कंचनरुप नगरपालिकामा हिमालय बराल, खडक नगरपालिकामा मोहम्मद मुन्ना, छिन्नमस्ता गाउँपालिकामा सुर्यराज घिमिरे, डाक्नेश्वरी नगरपालिकामा शम्भूनाथ मगर, तिरहुत गाउँपालिकामा अमित उप्रेती, तिलाठी कोइलाडी गाउँपालिकामा मोना सिंह, राजगढ गाउँपालिकामा धर्मेन्द्र प्रसाद धमला, बोदेबरसाईन नगरपालिकामा पुरुषोत्तम खतिवडा, महादेवा गाउँपालिकामा युवराज पोखरेल, रुपनी गाउँपालिकामा कुमार मास्के, बलान-बिहुल गाउँपालिकामा सूर्य प्रसाद सापकोटा, विष्णुपुर गाउँपालिकामा प्रकाश प्रसाद पोखरेल, शम्भुनाथ नगरपालिकामा उज्जवल न्यौपाने, सप्तकोशी नगरपालिकामा विष्णु प्रसाद निरौला, सुरुङ्गा नगरपालिकामा इश्वर प्रसाद काफ्ले र हनुमाननगर कंकालिनी नगरपालिकामा माधव प्रसाद दाहाललाई तोकिएको छ।

# निर्वाचनका लागि सुरक्षा रणनीति तयार

**राजविराज**/जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरिक्षक अभिनारायण काफ्लेले जिल्लामा निर्वाचनका लागि आवश्यक सुरक्षा रणनीति पनि तयार पारिसकिएको जानकारी दिएका छन्।

उनले निर्वाचन सुरक्षाका लागि २ हजार ४९ नेपाल प्रहरी तथा २ हजार ९ सय ४८ म्यादी प्रहरी परिचालन हुने जानकारी दिए। यस बाहेक सशस्त्र प्रहरी र नेपाली सेना पनि सुरक्षाप्रबन्धमा सघाउने उनको भनाई छ।

जिल्लाका ५ सय ३६ वटा मतदान केन्द्रलाई सामान्य, संवेदनशिल र अतिसंवेदनशिल गरि तीन तहमा विभाजन गरिएको भन्दै उनले आवश्यकता अनुसारको फरक फरक सुरक्षा व्यवस्था मिलाइने जनाए।

जन ज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, "**बचत गरौं समृद्ध वनौं**"

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

# मुल्यबृद्धिले जनता मारमा

अहिले विश्वभर मुल्य बृद्धि भएको छ । रुस र युक्रेन युद्धका कारण विश्व मुल्य बृद्धिको चपेटामा परेको छ । रुसले युक्रेनमा आक्रमण गरेपछि तेल र ग्यासको मूल्य बढेपछि अन्य क्षेत्रमा पनि मूल्य वृद्धि भएको छ । विश्वभरि अहिले मूल्य वृद्धि भएको र कतिपय देशमा ऊर्जा, खाद्यान्नलगायतको अभावसमेत भएको छ । रुसको आक्रमणले युक्रेनमा मात्र नभइ विश्वभरि नै हानी गरेको छ । यता छिमेकी मुलुक भारतमा पेट्रोलिय पदार्थको मुल्य बृद्धि भएसँगै त्यसको असर नेपालमा समेत परेको छ । कीन भने नेपालमा पेट्रोलियम पदार्थ भारतबाटै आउने गरेको छ ।

यसरी पेट्रोलियम पदार्थमा मुल्य बृद्धि भएसँगै त्यसको असर अन्य सामानहरुमा पनि परेको छ । दैनिक उपभोग्य बस्तुदेखी लिएर घर निर्माण गर्ने सामाग्रिमा पनि चर्को मुल्य बृद्धि भएको छ । रडमा झण्डै ३० प्रतिशतले मेल्य बृद्धि भएको छ भने सिमेन्टमा भने ४० देखी ५० रुँपैया प्रति बोरा भाउ बढेको छ । यस्तै चामल, दाल, मसाला लगायतमा पनि मुल्य बृद्धि भएको छ । सामान्य वर्गका मानिसहरुलाई मुल्य बृद्धिका कारण निकै अफ्ठ्यारो भएको छ । उनीहरुको सीमित मासिक बजेटले घर धान्न निकै गाह्रो भइरहेको छ । यसको ठूलो मारमा दैनिक मजदुरलाई परेको छ । उनीहरु दैनिक रुपमा काम गरेर कमाउने तर सो रकमले घर धान्न अफ्ठ्यारो भएको छ ।

मुल्य बृद्धिले नेपाल जस्तो सानो मुलुकमा परेको असरले जनताले निकै मार खेप्नुपरेको छ । तसर्थ मुल्य बृद्धिप्रति सरकारले कुनै ठोस कदम चाल्न सक्नुपर्छ ।

# म्यादीमा जागिर लगाइदिने भन्दै रकम ठगि गर्ने पक्राउ

**राजविराज**/म्यादी प्रहरीमा जागिर लगाईदिने प्रलोभन दिई रकम ठगि गर्ने एक युवकलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा सप्तरीको महादेवा गाउँपालिका २ बस्ने २३ वर्षिय अरबिन्दकुमार मण्डल छन् ।

एक दर्जन भन्दा बढी व्यक्तिसँग जागिर लगाइदिने भन्दै प्रलोभन देखाई रकम वसुलेको सूचना आएपछि पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेको बताए ।

पक्राउ परेका मण्डलले आफ्नो माथीसम्म पहुँच रहेको र रकम दिए जागिर लगाइदिने नाममा ठगि गर्दै हिडेको प्रहरीको भनाई छ ।

बिहीबार गाउँबाटै पक्राउ परेका मण्डललाई थुनामा राखी ठगि मुद्दामा कारवाही चलाउने जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# आठ जुवाडे पक्राउ

**राजविराज**/राजविराज वडा नं. ९ गढीया टोलमा एक व्यक्तिको घरमा जुवा खेलिरहेको अवस्थामा प्रहरीले ८ जना जुवाडेलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा घरधनी बिरेन्द्र प्रसाद यादवसहित राजबिराज ९ निवासी ५२ वर्षिय बिरेन्द्र प्रसाद यादव, ४० वर्षिय सन्तोष दास, ३१ वर्षिय बिजय दास, रुपनी गाउँपालिका ५ निवासी २७ वर्षिय सरोज कुमार शर्मा, ४० वर्षिय बिद्यान्द ठाकुर, राजबिराज ६ निवासी ४२ वर्षिय नवल किशोर चौधरी, डाक्नेशवरी नगरपालिका ७ निवासी ४० वर्षिय सुर्य देव राय र वडा नं. ८ निवासी ४३ वर्षिय रामलाल मुखिया रहेका छन् ।

उनीहरुको साथबाट जुवा खेल्न प्रयोग हुने कौडा १६ थान, बिभिन्न दरको नेपाली नोट ४५ हजार र भारतिय रुपैया ३ सय तीस बरामद भएको प्रहरीले जनाएको छ ।

वडा प्रहरी कार्यालय राजबिराजबाट प्रहरी नायब निरिक्षक सुमन महन्त गिरीको कमाण्डमा खटेको प्रहरी टोलीले घरमा छापा मारि जुवा खालबाट कौडा समेतका दशी प्रमाणसहित उनीहरुलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

पक्राउ परेकाहरुलाई जुवा सम्बन्धी कसुरमा मुद्दा दर्ता गरी सोमबारै मुद्दा म्याद थप गरी अन्य थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।

# फरार अभियुक्त पक्राउ

**राजविराज**/चोरी मुद्दामा अदालतबाट कैद भुक्तान र जरिवाना समेत तोकिसकेका फरार एक अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा राजविराज वडा नं. ६ निवासी १९ वर्षिय राजेन्द्र कुमार सिंह छन् । प्रहरीले उनलाई घरमै लुकिछिप बसेको अवस्थामा मंगलबार पक्राउ गरेको जनाएको छ ।

प्रहरीका अनुसार स्थानिय मनोज कुमार यादवको जाहेरीले चोरी मुद्दामा फरार रहेका सिंहलाई सप्तरी जिल्ला अदालतले २०७६ माघ ९ गते एक महिना १५ दिन कैद र पाँच हजार जरिवाना फैसला गरेको थियो । तर, सो फैसला लगत्तै उनी फरार भएका थिए ।

फरार रहेको सिंहलाई पक्राउ गरी मंगलबारै सप्तरी जिल्ला अदालतमा उपस्थित गराई कैद भुक्तानको लागी राजविराज कारागार चलान गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# जिपलाई टिपरले ठक्कर दिँदा कर्मचारीको मृत्यु

**राजविराज**/विद्युत प्राधिकरणका कर्मचारी सवार जिपलाई टिपरले ठक्कर दिदा एक कर्मचारीको मृत्यु भएको छ । सो दुर्घट्नामा पाँच जना कर्मचारी घाईते भएका छन् ।

मृत्यु हुनेमा बोलेरो चालक समेत रहेका बादेबरसाइन नगरपालिका ५ का २६ वर्षिय शिवराज यादव छन् । विद्युत वितरण केन्द्र बोदेबर्साइनका कर्मचारीसहितको प्राविधिक टोली सवार जिप विद्युत मर्मतका लागी हिडेको थियो ।

विहीवार साँझ पुर्व पश्चिम राजमार्ग अन्तर्गत खडक नगरपालिका ५ स्थित रंजितपुरमा विद्युत वितरण केन्द्र बोदेबर्साइनको प्रदेश २-०१-००१ च ०३३४ नम्बरको बोलेर जिपलाई पछाडीबाट आउँदै गरेको ना.७ख. २५५८ नम्बरको टिपरले ठक्कर दिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

टिपरको ठक्करबाट बोलेरोमा सवार सोही नगरपालिकाका शैलेश यादव, महेश चौधरी, बृजेश कुमार यादव, जयशंकर साह र सिरहाको लहान नगरपालिका निवासी अरुण कुमार सिह घाईते भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

घाईते सबैलाई उपचारका लागी अस्पताल पठाईएको तथा ठक्कर दिने गाडी र चालकलाई नियन्त्रणमा लिई दुर्घटनाबारे थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।





बलानबिहुल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मल्हनिया, सप्तरी

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमः कुन कार्यक्रम कस्तो ?



**भीमप्रसाद पौडेल**

आर्थिक बोझ बिना नै गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच निर्माण गर्ने सामाजिक सुरक्षा अन्तर्गतको कार्यक्रम सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम हो । अर्को अर्थमा गरिब तथा विपन्न नागरिकलाई सहज रुपमा स्वास्थ्य सेवा लिन पाउने हक कार्यान्वयनको लागि अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा उपचार सहज बनाउने कार्यक्रम नै सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रम हो । यी कार्यक्रमहरुले आर्थिक क्षमताको विविधताका कारण गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचमा पर्न सक्ने असरलाई न्यूनिकरण गर्दछन् ।

यसले एकातिर मुलतः आर्थिक बोझ बिना नै गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दछ भने अर्कोतिर स्वास्थ्य सेवामा धनि गरिब सबैको समान पहुँच निर्माण गर्दछ र समाजमा हुने विभिन्न वर्गका जनताहरु विच समानता कायम गर्दछ साथै स्वास्थ्यसँग सम्बन्धीत विभिन्न सुचकहरुमा सकारात्मक परिवर्तन ल्याउने काम पनि गर्दछ ।

राज्यले आफ्ना नागरिकप्रति गरेको अभिभावकत्वको रुपमा समेत बुझिने यो कार्यक्रमले गरिब, बेवारिसे, विपन्न, अनाथ, अपांग लगायतका विपन्न वर्गका आफ्ना नागरिकको सामाजिक सुरक्षा गर्ने गर्दछ। तोकिएका लक्षित वर्गका नागरिकहरुको लागि सहुलियतपूर्ण वा निशुल्क उपचार यो कार्यक्रमको मुख्य विशेषता हो । नेपालको संविधान २०७२ को धारा ३५ मा रहेको स्वास्थ्य सम्बन्धी हक, धारा ४२ मा रहेको सामाजिक न्यायको हक, धारा ४३ मा रहेको सामाजिक सुरक्षाको हक जस्ता मौलिक हकहरुको कार्यान्वयन गर्नको लागि सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरु सञ्चालन गरीएको देखिन्छ ।

नेपालमा वि.सं. २०३२ सालमा १५ वर्षे प्रथम दिर्घकालीन स्वास्थ्य योजना र वि.सं. २०५४ सालमा २० वर्षे दोस्रो दिर्घकालिन स्वास्थ्य योजना लागू भईसकेका छन् । राष्ट्रिय स्वास्थ्य निति २०४८ र २०७१ बाट हाँसिल गरेका उपलब्धीलाई थप संस्थागत र परिस्कृत गर्दै स्वास्थ्यमा सर्वव्यापी पहुँच कायम गर्न राष्ट्रिय स्वास्थ्य निति २०७६ को निर्माण भयो । त्यस्तै संविधानले प्रत्याभूत गरेको गुणस्तरीय निःशुल्क आधारभूत स्वास्थ्यसेवामा नागरिकको पहुँच प्रभावकारी बनाउनको लागि जनस्वास्थ्य सेवा ऐन २०७५ प्रारम्भ भएको छ ।

यी सबै नितिगत प्रावधानहरुको प्रभावकारी कार्यान्वयन स्वरुप नेपालमा सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरु सञ्चालन भएको देखिन्छ । यसको साथसाथै विभिन्न अर्न्तराष्ट्रिय सम्झौताहरुको कार्यान्वयन गर्न तथा स्वास्थ्य सम्बन्धी सहश्राव्दी विकाश लक्ष्य, दिगो विकाश लक्ष्य आदि हाँसिल गर्न समेत सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको आवश्यकता महशुस भएको होष्टि ।

राष्ट्रिय जनसंख्या निति २०७१ बमोजिम बि.सं. २०९० भित्र कुल प्रजननदर प्रति महिला २.१ बनाउने लक्ष्य राखेको छ । शिशु मृत्युदर २५ प्रति हजार जिवित जन्म, औषत आयु ७५ वर्ष र परिवार नियोजन साधनमा पहुँच हुने दम्पती ९० प्रतिशत पुर्‍याउने लक्ष्य राखेको छ । दिगो विकाश लक्ष्य अनुसार सन् २०३० भित्र संस्थागत प्रसूति सेवा लिने दर ९० प्रतिशत राखिएको छ भने सन् २०१६ को तथ्यांक अनुसार यो दर ५७ प्रतिशतमा सिमित रहेको देखिन्छ । नवजात शिशु मृत्युदर १२ प्रतिशतमा सिमित राख्ने भनिएकोमा सन् २०१६ सम्ममा उक्त दर २१ प्रतिशत रहेको छ । यसरी विभिन्न लक्ष्यहरु हाँसिल गर्न तथा सबै नागरिकको समान पहूँच निर्माण गर्नको लागि समेत सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमहरुको औचित्य पुष्टि हुन्छ ।

नेपालमा सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमले गरिब, असहाय, विपन्न, अपांग, सिमान्तकृत, जेष्ठ नागरिक, नवजात शिशु, महिला आदिलाई प्राथमिकतामा राखी तथा अन्य लक्षित वर्गलाई तोकेर कार्यक्रमहरु तय गरेको देखिन्छ । नेपालमा हाल विद्यमान रहेका सामाजिक स्वास्थ्य सुरक्षासँग जोडिएका केहि कार्यक्रमहरुको यस प्रकार चर्चा गरिएको छ ।

**खोप कार्यक्रम**

शिशु तथा बच्चा मृत्युदर कम गर्न तथा बिरामीदर एवं अपांगता कम गराउने लक्ष्यका साथ नेपालमा पूर्णतः निःशुल्क खोप कार्यक्रम सञ्चालित भईरहेको छ । बच्चा जन्मेपछि विभिन्न समयमा नेपाल सरकारले राष्ट्रिय खोप तालिका नै प्रकाशन गरी सोही अनुसार निःशुल्क खोप कार्यक्रम सञ्चालन गरिरहेको छ । वि.सं. २०३४ सालबाट यो कार्यक्रम सुरु भएको देखिन्छ । राष्ट्रिय खोप कार्यक्रममा आज सम्म ११ वटा एन्टीजेनहरु समावेश गरीएको छ । निःशुल्क खोप कार्यक्रम लागू भएसँगै धेरै बच्चाहरुमा विभिन्न रोगहरुको रोकथाम गरी बिरामीदर पनि कम भएको अवस्था छ ।

**प्रसूति सेवा**

दोस्रो दिर्घकालिन योजना १९९७-२०१७ बमोजिम सन् १९९७ बाट सुरु भएको सुरक्षित मातृत्व कार्यक्रमबाट निःशुल्क प्रसूति सेवा कार्यक्रम सञ्चालन भईरहेको छ । सुरक्षित मातृत्व कार्यक्रम अन्तर्गत सरकारी तथा तोकिएका शिक्षण संस्थाहरुबाट निःशुल्क प्रसूति सेवासहित प्रसूति जटिलता उपचार र व्यवस्थापन यसै कार्यक्रमभित्र पर्दछन् । यसबाट एकातिर संस्थागत प्रसूति दर पनि बढेको छ भने अर्कोतिर प्रसूति सेवा सुरक्षित भएको छ । साथै मातृ मृत्यु र शिशु मृत्युदर घटेको छ । यसरी एकातिर सरकारी सहितका अस्पतालबाट निःशुल्क प्रसूति सेवा प्रदान गरीएको छ भने अर्कोतिर स्वास्थ्य संस्थामा प्रसूति गरे वापत यातायात खर्च स्वरुप प्रोत्साहन रकम समेत उपलब्ध गराईएको छ । यसको साथै तोकिएको प्रोटोकल बमोजिमको गर्भ परीक्षण गरेका गर्भवती महिलाहरुलाई निश्चित रकम समेत प्रोत्साहनको रुपमा दिने गरिएको छ । जसले गर्दा अस्पतालमा प्रसूति गराउनेको संख्या पनि बढेको छ र महिलाहरुको समग्र प्रजनन् स्वास्थ्यमा समेत सकारात्मक प्रभाव परेको छ ।

**परिवार नियोजन सेवा**

प्रजनन स्वास्थ्यको अभिन्न अंगको रुपमा वुझिएको परिवार नियोजन सेवा नेपाल सरकारले तोकिएका स्वास्थ्य संस्थाहरुमा निःशुल्क पाईन्छ । अनिच्छित गर्भ रोकी आमा र बच्चाको गुणस्तरीय जिवन कायम गराउनको लागि कोशेढुङ्गा मानिने परिवार नियोजन सेवा अस्थायी र स्थायी साधनको माध्यमबाट लिन सकिन्छ । यस सेवाले एचआईभि एड्स जस्ता घातक रोगहरुको रोकथाम गर्ने सम्बन्धमा तथा जनसंख्या नियन्त्रण र गुणस्तरीय जिवन निर्माण गर्नको लागि महत्वपूर्ण भूमिका खेलेको छ ।

**गर्भपतन सेवा**

सन् २००२ भन्दाअघि नेपालमा गर्भपतन सेवा गैरकानूनी थियो । तत्पश्चात सुरक्षित गर्भपतन सेवाले कानुनी बैधता प्राप्त गरेसँगै सन् २००४ बाट नेपालमा गर्भपतन सेवा निःशुल्क भएको छँस । यसले गर्दा अनिच्छित, हाडनातामा रहेको गर्भ, जवरजस्तीकरणीबाट रहन गएको गर्भ आदिलाई समाप्त गर्न सक्ने कानुनी बाटो खुला भयो जसले गर्दा आमाको स्वास्थ्य सुरक्षित हुन टेवा पुग्यो भने अर्कोतिर कुल प्रजननदर समेत कम भई जनसंख्या वृद्दिदर पनि कम भएको बुझ्न सकिन्छ । गर्भवती आमाको स्वास्थ्य सुरक्षा गर्नको लागि निःशुल्क सुरक्षित गर्भपतन सेवाले महत्वपूर्ण योगदान गरेको छ ।

**नवजात शिशु उपचार कार्यक्रम**

नवजात शिशुको मृत्युदर घटाउनको लागि तथा शिशु उपचारमा आर्थिक अवस्था कमजोर भएका नागरिकलाई विशेष लक्षित गरी उनीहरुको स्वास्थ्य उपचारमा पहुँच बढाउनको लागि नेपाल सरकारले नवजात शिशुको उपचार निःशुल्क गरिरहेको छ । बच्चा जन्मीएको २८ दिन सम्मको अवधिमा शिशुमा कुनै स्वास्थ्य समस्या देखिएमा उक्त शिशुको तोकिएका अस्पतालहरुमा निःशुल्क उपचार हुन्छ । नवजात शिशु निःशुल्क उपचार सेवा कार्यक्रम कार्यविधि २०७५ अनुसार ईकाइ मूल्य कायम गरी सम्बन्धित अस्पतालहरुले शोधभर्ना रकम प्राप्त गर्दछन् । दिगो विकाश लक्ष्य र नेपाल एभ्री न्यु बर्न एक्सन प्लान २०१५-२०३५ बमोजिम नवजात शिशु मृत्युदर २१ प्रतिहजारबाट १२ प्रतिहजारको लक्ष्य हाँसील गर्नका लागि नेपाल सरकारले यो कार्यक्रम लागू गरेको हो । यसबाट आर्थिक

*बाँकी चार पृष्ठमा*


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**

**राजगढ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, नर्घो, सप्तरी**



## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**


**विष्णुपुर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर, सप्तरी**

## सामाजिक स्वास्थ्य...

अभावका कारण नवजात शिशुहरुले उपचार नपाएर मृत्यु हुने अवस्थालाई धेरै हदसम्म नियन्त्रण गरेको छ ।

**पोषण सेवा**

बर्षेनि कुपोषणका कारण शिशु मृत्युदर र ५ वर्ष मुनिका बच्चाहरुको मृत्युदर बढीरहेको अवस्थामा नेपाल सरकारले पोषण कार्यक्रम पनि निःशुल्क सञ्चालन गरिरहेको छ। समुदाय तहदेखि हेल्थपोष्ट, पिएचसी, जिल्ला अस्पताल र अन्य तोकिएका स्वास्थ्यसंख्याहरुबाट यो सेवा प्रदान गरिन्छ। नवजात शिशु, बच्चा र गर्भवती आमाहरुले यो सेवा प्राप्त गर्दछन् । बच्चाहरुको लागि बालभिटासहित खाद्यबस्तुहरु र गर्भवती आमाहरुको लागि आईरन, क्याल्सीयम निःशुल्क प्राप्त गर्दछन् ।

**राष्ट्रिय निःशुल्क स्वास्थ्य सेवा कार्यक्रम**

नेपालमा दोस्रो जनआन्दोलन २०६२/०६३ पछि निशुल्क स्वास्थ्य सेवा कार्यक्रमतर्फ विषेश पहल भएको देखिन्छ। गरिब, असहाय बिरामीहरुलाई आकस्मिक तथा अन्तरंग सेवा निःशुल्क गरी सुरु भएको यो कार्यक्रम वि.सं. २०६४ माघ १ गते देखि मुलुकका सम्पूर्ण स्वास्थ्यचौकी र उपस्वास्थ्यचौकीमा उपलब्ध हुने सबै प्रकारका स्वास्थ्य सेवाहरु निःशुल्क प्रदान गर्न सुरु गरियो । त्यस्तै गरी मिति २०६५ मंसिर १ गतेदेखि मुलुकका सबै प्राथमिक स्वास्थ्य केन्द्रबाट पनि निःशुल्क स्वास्थ्य सेवा र सुचिकृत औषधिहरु निःशुल्क उपलब्ध गराउन सुरु गरियो। यसरी तोकिएका औषधिसहितको प्राथमिक स्वास्थ्य सेवा निःशुल्क प्रदान गरीएको छ ।

**सामाजिक सेवा ईकाईद्वारा प्रदान गरिने सेवा**

गरिब,अनाथ,अपांग,जेष्ठ नागरिक लगायतका १३ वटा लक्षित समूह तोकेर उनीहरुको औषधिउपचार खर्च सहुलियतपूर्ण वा निःशुल्क गरिने कार्यक्रम सामाजिक सेवा ईकाइ अन्तर्गतको कार्यक्रम हो । यो कार्यक्रम नेपालमा आर्थिक वर्ष २०६५/०६६ पछि सुरु भएको हो । नेपाल सरकारबाट जारी भएका परिचयपत्रको आधारमा तथा उनीहरुको सामाजिक अवस्थाको प्राथमिक मुल्यांकन गरी सोही बमोजिम सहुलियत निर्धारण गरी सेवा प्रदान गरिने यस कार्यक्रमबाट आर्थिक अवस्था कमजोर भएका थुप्रै नेपाली नागरिकहरुले सहज रुपमा स्वास्थ्य सेवा प्राप्त गरिरहेका छन् ।

**जेष्ठ नागरिक स्वास्थ्य सेवा**

नेपाल सरकारले जेष्ठ नागरिकलाई मात्र तोकेर सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गरिरहेकोछ । सरकारले जेष्ठ नागरिक परिचयपत्र जारी गर्दै उक्त परिचयपत्रको आधारमा विभिन्न स्वास्थ्य संस्थाहरुमा सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गर्ने गर्दछ। स्वास्थ्य बिमा कार्यक्रमसँग जोडेर हेर्दा ७० वर्ष माथिका जेष्ठ नागरिकको प्रिमियम रकम निःशुल्क गरेको छ भने अन्य अवस्थामा जेष्ठ नागरिकको परिचयपत्रको आधारमा ६० वर्ष माथिका जेष्ठ नागरिकलाई उमेर समुह अनुसार ५० प्रतिशतदेखि पूर्ण निःशुल्क स्वास्थ्य सेवा प्रदान गरिरहेकोछ ।

**ओ.सि.एम.सी. सेवा**

लैङ्गिक हिंसा पिडितहरुको मानसिक तथा शारिरीक स्वास्थ्य उपचार एवं निजहरुलाई आवश्यक पर्ने कानुनी उपचारसहितको सेवा यस कार्यक्रम अन्तर्गतबाट प्रदान गर्ने गरिन्छ । यो सेवा तोकिएका अस्पतालहरुबाट निःशुल्क प्राप्त गर्न सकिन्छ । व्यक्तिगत गोपनियतालाई पूर्णतः ख्याल गर्दै प्रदान गरीने यस सेवाबाट चोटपटकको उपचार, मानसिक उपचार, मनोसामाजिक परामर्शसहितका सेवाहरु प्रदान गरिन्छ। जुनसुकै प्रकारका लैङ्गिक हिंसा पिडितहरुलाई उपचार सहितको न्याय दिलाउनको लागि यो कार्यक्रम प्रभावकारी मानिन्छ ।

**विपन्न नागरिक उपचार सेवा**

नेपाल सरकारले विपन्न नागरिक उपचार कोष निर्माण गरी मृगौला रोग, मुटु रोग, क्यान्सर, हेड इन्जुरी, स्पाइनल ईन्जुरी, सिकलसेल एनिमिया, पार्किन्सन्स, अल्जाईमरसहितका आठ प्रकारका रोगहरुको उपचारको लागि हरेक बिरामीको रु १ लाख सम्मको छुट्टै कोष बनाई सोही कोषबाट उपचार गर्ने सुरुवात गरिसकेको छ । मिर्गौलाको डायलाइसिस सेवा सँगसँगै मिर्गौला प्रत्यारोपण खर्चबापत रु २ लाख रुपैया र प्रत्यारोपण पश्चात औषधि खर्चबापत रु १ लाख रुपैया समेत प्रदान गर्ने कार्यक्रम पनि यसै अन्तर्गत रहेको छ । वि.सं. २०६२ साल पछि बनेको यो कोषको प्रयोग गरी थुप्रै नागरिकले निःशुल्क स्वास्थ्य सेवा प्राप्त गरिसकेका छन् ।

**आकस्मिक स्वास्थ्य सेवा**

गरिब तथा विपन्न वर्ग एवं सेवा लिन आउँदा उपचार खर्च नभएका सेवाग्राही आदिलाई प्रारम्भीक चरणको आकस्मीक स्वास्थ्य सेवा निःशुल्क गर्ने यो कार्यक्रम मिति २०७७ सालदेखि संघियसहितका केही अस्पतालहरुमा सञ्चालीत रहेको छ। यसले गरिब तथा विपन्न वर्गको साथै सेवा लिनुपर्ने तत्कालीन रुपमा उपचार खर्च नभएका, साथमा कोही नभएका आदि वर्गको जिवन रक्षाको लागि महत्वपूर्ण योगदान गर्ने अपेक्षा राखिएको छ।

**स्वास्थ्य बिमा कार्यक्रम**

वि.सं.२०७१ सालमा आवश्यक प्रक्रिया थाली २०७२ सालमा कैलाली जिल्लाबाट सुरु भएको यो कार्यक्रम आज देशका ७५ जिल्लामा सञ्चालन भईरहेको छ। यस कार्यक्रम अन्तर्गत सुरुमा २५०० रुपैयाँको योगदान रकममा पाँच जना सदस्यसम्मको परिवारको लागि ५० हजार रुपैयाँ सम्मको स्वास्थ्य बिमा गर्न सकिन्थ्यो । हाल यो योगदान रकम ३५०० रुपैया पुगेको छ भने कुल विमांक रकम एक लाख रुपैयाँ पुऱ्याईएको छ। उक्त योगदान रकम अति गरिबको परिचयपत्र प्राप्त गरेका परिवार, अति अशक्त, अपांग, कुष्ठरोगी, एच.आई.भी संक्रमित जटिल खालको क्षयरोग भएका बिरामीसहित ७० वर्ष उमेर पुगेका जेष्ठ नागरिकको योगदान रकमको शतप्रतिशत र महिला स्वास्थ्य स्वयंसेविकाहरुको परिवारको पचास प्रतिशत योगदान रकम निःशुल्क रहेको छ। साथै दोहोरो नपर्नेगरी क्यान्सर मुटुरोग लगायतका विभिन्न आठ थरिका रोगहरुको उपचारको लागि थप एक लाख रुपैंयाँसम्मको सेवा दिने उल्लेख छ।

**क्षयरोग, कुष्ठरोग उपचार कार्यक्रम**

क्षयरोगमुक्त नेपाल घोषणा अभियान कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०७८ मा क्षयरोगमुक्त नेपाल बनाउने दिर्घकालीन दृष्टिकोणसहित आ.व २०९१/०९२ सम्ममा नयाँ क्षयरोगका बिरामी अन्त्य गर्ने र २१०६/०७ मा पूर्णतः निवारण गर्ने लक्ष्यसहित विभिन्न कार्यक्रमहरु उल्लेख भई सञ्चालन भईरहेका छन्। सोही अनुसार क्षयरोगका शंकास्पद बिरामीहरुको लागि निःशुल्क परीक्षण र क्षयरोग प्रमाणित भएको खण्डमा आवश्यक पर्ने थप परीक्षणसहित औषधि र उपचारसमेत निःशुल्क रहेको छ। क्षयरोगको साथसाथै नेपालबाट कुष्ठरोग उन्मुलन गरी कुष्ठरोगमुक्त समाज निर्माणको लागि र कुष्ठरोगको कारण हुनसक्ने अपांगतालाई कम गर्ने उद्देश्यसहित यसको उपचार र औषधिसमेत निःशुल्क गरिएको छ। यसरी नेपाल भर नै क्षयरोग र कुष्ठरोगको परीक्षणसहित औषधि उपचार पनि निःशुल्क रहेको अवस्था छ।

**हात्तिपाईले उपचार तथा हाइड्रोसिल शल्यक्रिया**

हात्तिपाईले रोग आज पनि विश्वकै जनस्वास्थ्यको एउटा समस्या हो। विश्व स्वास्थ्य संगठनले सन् २००० मा हात्तिपाईले रोगको उन्मुलन सम्बन्धमा विश्वव्यापी कार्यक्रम सार्वजानिक गर्यो। तत्पश्चात नेपाल सरकारले पनि सोही अनुसार देशव्यापी रुपमा हात्तिपाईले रोगको औषधि निःशुल्क वितरण गरिरहेको छ। साथै यस सम्बन्धी रोग व्यवस्थापन र अशक्तता रोकथाम कार्यक्रम पनि लागू गरेको छ। त्यस्तै हात्तिपाईले रोगका कारण पुरुषहरुमा देखा पर्नसक्ने हाइड्रोसिलको शल्यक्रिया पनि सरकारी अस्पतालहरुमा निःशुल्क गरिएको छ। यस कार्यक्रम मार्फत थुप्रै नेपाली नागरिकहरुले निःशुल्क सेवा प्राप्त गरेका छन्।

**एचआईभी उपचार सेवा**

नेपालमा एच.आई.भी परीक्षण र यसको उपचार निःशुल्क रहेको छ। नेपाल सरकारले एआरटी सेवा तोकिएका अस्पतालहरुबाट दिने गर्दछ। सन् २००४ बाट सुरु भएको यो सेवाबाट एच.आई.भी संक्रमितहरुले नियमीत रुपमा निःशुल्क औषधि प्राप्त गरिरहेका छन्। राष्ट्रिय एच.आई.भी रणनितिक योजना अनुरुप सन् २०२० भित्र ९०-९०-९० अर्थात ९० प्रतिशतलाई एच.आई.भीको अवस्था थाहा पाउने अवस्था सृजना गर्ने, एच.आई.भी पोजेटीभ भएका ९० प्रतिशतलाई ए.आर.टी.को पहुँचमा ल्याउने र ए.आर.टी.लिने ९० प्रतिशतको एच.आई.भी भाईरल लोड घटाउने लक्ष्य साथै सन् २०३० भित्र ९५-९५-९५ लक्ष्य हाँसिल गर्दै एच.आई.भी एड्स महामारीको अन्त्य गर्ने उद्देश्यका साथ यो कार्यक्रम आएको हो।

**कोभिड परीक्षण तथा उपचार कार्यक्रम**

वि.सं. २०७६ सालको अन्त्य तिरबाट सुरु भएको कोभिड १९ रोगले विश्व नै आक्रान्त बन्यो। महामारीको अवस्था सृजना भयो। तत्कालीन रुपमा नत व्यवस्थित प्रयोगशाला नत त्यसको सहज उपचार नै सम्भव थियो। त्यसदेखि नै देशका विभिन्न ठाउँमा प्रयोगशालालाई व्यवस्थित रुपमा विकशित गर्दै कोभिडको निःशुल्क परीक्षण सुरु गरियो। साथै सरकारीसहित केहि नीजि शिक्षण अस्पतालहरुमा कोभिडको निःशुल्क उपचार सुरु भयो र हाल सम्म पनि कायम नै रहेको छ। यसको साथै कोभिड खोप पनि देशभर नै निःशुल्क रुपमा आम जनतालाई प्रदान गरीएको छ।

**विविध सहुलियतपूर्ण स्वास्थ्य सेवा**

नेपाल सरकारले लक्षित वर्गका जनतासहित आम जनतालाई पनि विभिन्न प्रकारका सहुलियतपूर्ण तथा निःशुल्क स्वास्थ्य सेवा प्रदान गरिरहेको छ। यसको साथसाथै विभिन्न पेशागत आधारमा पनि तोकिएका अस्पतालहरुबाट सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गरिरहेको छ। जस्तै निजामती कर्मचारीहरुको उपचारको लागि निजामती अस्पताल सञ्चालन गरी सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गरिरहेको छ भने हाल यो सेवा सबै प्रदेशमा विस्तार गर्ने समेत तयारी भईरहेको छरास। त्यस्तै गरी सूचना विभागले दिने प्रेस कार्ड तथा प्रेस काउन्सिल नेपालबाट उपलब्ध गराईने उपचार सुविधा परिचयपत्रका आधारमा यसै आर्थिक वर्षदेखि सरकारी अस्पतालमा पत्रकारको निःशुल्क उपचार सेवा सुरु गर्ने कार्यक्रम सार्वजानिक भएको छ।

यसरी विभिन्न पेशाकर्मीहरुको लागि पनि नेपालमा सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गरिरहेको अवस्था छ। यी कार्यक्रमहरुको साथै नेपाल सरकार,प्रदेश सरकार तथा स्थानीय निकायहरुले पनि प्रजनन् स्वास्थ्य सहितका विभिन्न खालका सामाजिक स्वास्थ्य सुरक्षासँग सम्बन्धीत कार्यक्रमहरु लागू गरिरहेका छन् र सोबाट पनि थुप्रै नागरिकहरु लाभान्वित भएका छन्।

**निष्कर्ष**

नेपालमा सामाजिक स्वास्थ्य सुरक्षासँग सम्बन्धित दर्जनौं कार्यक्रमहरु कार्यान्वयनमा रहेको देखिन्छ। आर्थिक अवस्था कमजोर भएको हाम्रो जस्तो मुलुकमा यति धेरै थरीका सामाजिक स्वास्थ्य सुरक्षाका कार्यक्रमहरु लागू हुनु अवश्य पनि खुसीको कुरा हो। नेपाली नागरिकहरु विभिन्न सामाजिक स्वास्थ्य सुरक्षाका कार्यक्रमहरुबाट लाभान्वित भईरहेकै छन्। हरेक कार्यक्रमले नागरिकलाई टेवा पुर्याएकै छ। स्वास्थ्यमा सर्वव्यापी पहूँच स्थापनाको लागि योगदान गरेकै छ। तर फरक फरक कार्यक्रमको उपलब्धता र सो प्राप्त गर्न अवलम्बन गर्नुपर्ने प्रक्रियासँग नागरिकहरु पूर्ण सुसूचित भएको देखिँदैन भने कार्यक्रमहरुको प्रभावकारीता र नतिजा वस्तुगत रुपमा विश्लेषण गरी यसलाई स्वास्थ्य योजना विकासको आधारशिलाको रुपमा विकशित गरेको पनि कमै देखिन्छ।

यी सबै कार्यक्रममा लक्षित समूहदेखि निर्देशिका, व्यवस्थापन, तालुक निकाय सबै फरक फरक छन्। यसले एकातिर समग्र कार्यक्रमहरुको व्यवस्थापन र तिनीहरु विचको सामञ्जस्यतामा जटिलता देखिन्छ भने अर्कोतिर कार्यक्रम सञ्चालनको लागि कर्मचारी व्यवस्थापन, आर्थिक व्यवस्थापन एवं अभिलेखीकरण तथा प्रेषण व्यवस्थापनमा समेत चुनौती थपिएको देखिन्छ। देशमा विद्यमान रहेका प्राय सामाजिक स्वास्थ्य सुरक्षाका कार्यक्रमहरु दातृ निकायको सहयोगमा सञ्चालित रहेका छन्। आर्थिक अवस्था कमजोर भएको मुलुकमा नागरिकका आवश्यकताहरु असिमित हुनु स्वभाविक हो। राष्ट्रिय आवश्यकताले कार्यक्रमको निर्माण हुन्छ र कार्यक्रम कार्यान्वयनको लागि वैदेशिक तथा दातृ निकायको आर्थिक सहयोग पनि लिनुपर्ने हुन्छ तर कतिपय अवस्थामा सम्बन्धित दातृ निकायको सहयोग लिनकै लागि उनीहरुकै रुचि अनुसारको कार्यक्रम समेत निर्माण हुने गरेको दृष्टान्त पनि हामी माझ छिपेको छैन।

विभिन्न अन्तर्राष्ट्रिय प्रतिवद्दताहरुको कार्यान्वयन तथा संविधान,ऐन,कानुनहरुको मर्म अनुरुप नागरिकको स्वास्थ्यप्रति राज्यको जिम्मेवारी बहन गर्नको लागि पनि सामाजिक स्वास्थ्य सुरक्षाका कार्यक्रमहरु अपरिहार्य हुन्छन्। एउटा कल्याणकारी राज्यको मान्यता अनुरुप पनि आफ्ना नागरिकको स्वास्थ्यमा राज्यले निशर्त लगानी गर्नुपर्दछ यसमा कुनै दुईमत छैन। तर आफ्ना नागरिकलाई निःशुल्क वा सहुलियतपूर्ण स्वास्थ्य सेवा प्रदान गर्ने नाममा नयाँ नयाँ कार्यक्रम मात्र थप्दै जाने वा सबै सामाजिक स्वास्थ्य सुरक्षाका कार्यक्रमहरुलाई एकिकृत रुपमा सञ्चालन गर्ने ? पक्कै पनि यो बहसको विषय बन्नुपर्छ। सामाजिक स्वास्थ्य सुरक्षाका कार्यक्रम संख्यामा मात्र होईन गुणस्तर, नागरिक विश्वास र उनीहरुको पहुँच जस्ता विषयले मापन गर्नुपर्दछ यसको लागि सम्पूर्ण राष्ट्रिय अन्तराष्ट्रिय सहयोग एकै ठाउँमा राखेर मुलुक र आफ्ना नागरिकको आवश्यकतालाई मध्यनजर गर्दै सोही बमोजीमका कार्यक्रमहरु दृढ संकल्पका साथ निर्माण र सफलतापूर्वक कार्यान्वयन गर्दै जानुपर्नेछ यो नै आजको आवश्यकता र समयको माग हो। -(लेखक पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान,पोखरामा कार्यरत छन्) स्वास्थ्य खबरबाट




# राजविराज द किंग्स मेयरकप सप्तरी प्रिमियर लिगको बिजेता

**राजविराज**/मेयरकप सप्तरी प्रिमियर लिग क्रिकेट प्रतियोगिताको चौथो संस्करणको उपाधी राजविराज द किंग्सले हात पारेको छ ।

जिल्ला कै सर्वाधिक पुरस्कार राशी भएको उक्त प्रतियोगिताको बुधवार सम्पन्न फाइनल खेलमा किंग्सले तिलाठी कोइलाडी जायन्टसलाई २९ रनले पराजित गर्दै सो उपाधी हात पारेको हो ।

उपाधी जितेको किंग्सले ट्रफीसहित ३ लाख रुपैया नगद पुरस्कार हात पारेको छ भने उपविजेता बनेका जायन्टसले ट्रफि सहित नगद १ लाख ५० हजार प्राप्त गरेको छ ।

प्रतियोगिताकै उत्कृस्ट खेलाडी तिलाठी कोइलाडी जायन्टसका सुनिल धमला घोषित भए । उनले २५ हजार रुपैयाँ प्राप्त गरे । उत्कृस्ट ब्याट्सम्यान राजविराज द किंग्सका सन्तोष कार्की, उत्कृस्ट बलर राजविराज द किंग्सका रुपेश कुमार सिंह, उत्कृस्ट बलर र ब्याट्सम्यानले जनही १५ हजार रुपैयाँ प्राप्त गरे । यस्तै उदयमान खेलाडी तिलाठी कोइलाडीका अभिषेक कार्की घोषित भए उनले १५ हजार रुपैयाँ बराबरको क्रिकेट सामग्री प्राप्त गरे ।

विजेता खेलाडीहरुलाई राजविराज नगरपालिकाका प्रमुख शम्भु प्रशाद यादव तथा नेपाल क्रिकेट संघका कोषाध्यक्ष रोशनकुमार सिंहले पुरस्कार प्रदान गरे ।

राजविराज नगरपालिकाको सहयोग तथा क्रिकेट संघ सप्तरीको आयोजनामा संचालित प्रतियोगिताको समाप्ती पछि संघका अध्यक्ष आयुष श्रेष्ठको अध्यक्षतामा आयोजित पुरस्कार वितरण समाहरोमा प्रमुख अतिथि राजविराज नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादव, उपप्रमुख साधना झा, तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष सतिश सिंह, क्रिकेट संघका कोषाध्यक्ष रोशन सिंह, सल्लाहकार नरेश श्रेष्ठ लगायतले विजयी खेलाडीहरुलाई पुरस्कार वितरण गरे ।

यसअघि टस जितेर ब्याटिंग रोजेको राजविराज किंग्सले निर्धारित २० ओभरको खेलमा १९ दशमलव १ ओभरमा सम्पूर्ण विकेट गुमाउँदै १ सय ३९ रन जोडेको थियो । किंग्सका लागि सन्तोष कार्कीले सर्वाधिक ८२ र रुपेश सिंहले १४ रनको योगदान गरे ।

बलिङतर्फ तिलाठी कोइलाडी जायन्टस्का लागि अभिशेक कार्कीले ४ तथा जितेन्द्रकुमार यादव र योगेन्द्रसिंह कार्कीले समान २/२ विकेट लिएका थिए । किंग्सका २ खेलाडी भने रनआउट भएका थिए ।

एक सय ३९ रनको बिजयी लक्ष्य लिएर मैदानमा उत्रेको तिलाठी कोइलाडी जायन्ट १७ दशमलव ४ ओभरमै सम्पूर्ण विकेट गुमाई १ सय ९ रन मात्र जोड्न सफल भयो । तिलाठीका लागि भुवन कार्कीले ३२ तथा सुनिल धमलाले ३० रन बाहेक अन्य कुनै ब्याट्सम्यान दोहोरो अंकमा प्रवेश गर्न सकेनन् । बलिङतर्फ राजविराज किंग्सका अनिल यादव र नन्दन यादवले ३/३, फिरोज अन्सारी २ तथा रुपेश सिंहले १ विकेट लिएका थिए । उक्त फाइनल खेलको म्यान अफ दि म्याच बिजेता टिमका सन्तोष कार्की घोषित भए ।

## स्वास्थ्य चौकीमा ट्याब वितरण

**राजविराज**/सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाको सबै स्वास्थ्य चौकीमा ट्याब वितरण गरिएको छ ।

मधेश प्रदेश सरकारका समाजिक विकास मन्त्री नवल किशोर साहले प्रदेश सरकारको तर्फबाट उक्त ट्याब बितरण गरेका हुन् ।

डिजिटल फैमिलि हेल्थ फोल्डर बनाउन आवश्यक सीपसँगै ट्याब वितरण गरिएपछि नगरपालिकाका प्रत्येक परिवारको स्वास्थ्य, शैक्षिक लगायतका सत्य तथ्य डाटा बुझ्न र रेकर्ड राख्न सजिलो हुनेछ । उक्त कार्यक्रम मधेश प्रदेशको ८ वटै जिल्लाका १६ वटा स्थानीयतहमा संचालनमा ल्याइएको छ ।

हनुमाननगर कंकालिनी नगरपालिकाको आयोजना तथा मधेश प्रदेशको समाजिक विकास मन्त्रालयको सहयोगमा आयोजित अभिमुखी तथा हस्तान्तरण कार्यक्रमका मधेश प्रदेशका स्वास्थ्य निर्देशक विजय झा, जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुनिया लाल यादव लगायतको उपस्थिति रहेको थियो ।


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

डा. आदर्श कुमार सिंह
Dr. Adarsh Kumar Singh
MBBS, MD TU
NMC Reg. No. : 9413
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग

सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734


# अन्तर्राष्ट्रिय समाचार

## माली सेनाले देशको मध्यभागमा २०० भन्दाबढी विद्रोहीलाई मारे

**माली**/माली सेनाले देशको मध्यभागमा गरेको सैन्य कारबाहीमा २०३ आतङ्ककारीलाई मारेको विभिन्न सञ्चारमाध्यमले जनाएको छ ।

यो अपरेशन मार्च २३-३१ मा मोरा क्षेत्रमा गरिएको थियो, एजेन्सी फ्रान्स-प्रेसले माली सेनालाई उद्धृत गर्दै उल्लेख गरेको छ ।

माली सेनाले पनि ५१ आतङ्ककारीलाई हिरासतमा लिएको छ र ठूलो संख्यामा हतियार बरामद गरेको छ ।

सन् २०१२ मा तुआरेग लडाकूले देशको उत्तरी भागमा ठूलो भू-भाग कब्जा गरेपछि मालीको अवस्था अस्थिर भएको थियो । इस्लामवादीको गतिविधि, लिबियाका पूर्वनेता मुअम्मर गद्दाफीप्रति वफादार सेना र फ्रान्सेली हस्तक्षेपका कारण द्वन्द्व झन् बढ्दै गएको छ । एजेन्सी

## अमेरिकाले युक्रेनलाई ३० करोड अमेरिकी डलरको थप सैन्य सहयोग उपलब्ध गराउने

**अमेरिका**/संयुक्त राज्य अमेरिकाले युक्रेनलाई ३० करोड अमेरिकी डलरको थप सैन्य सहायता उपलब्ध गराउने रक्षा विभाग डीओडी ले जनाएको छ ।

"युक्रेन सेक्युरिटी असिस्टेन्स इनिसिएटिभेमार्फत, डीओडीले युक्रेनको आत्मरक्षा गर्ने क्षमतालाई बलियो बनाउन ३० करोड डलरसम्मको सुरक्षा सहायता प्रदान गर्नेछ । यो निर्णयले युक्रेनको सार्वभौमसत्ता र क्षेत्रीय अखण्डतालाई आफ्नो रक्षा प्रयासको समर्थनमा संयुक्त राज्य अमेरिकाको अटल प्रतिबद्धतालाई जोड दिन्छ", पेन्टागनका प्रेस सचिव जोन किर्बीले भने । एजेन्सी

## मलेसियाका राजा-रानी कोरोना संक्रमित

**क्वालालम्पुर**/मलेसियाका राजा सुल्तान अब्दुल्लाह सुल्तान अहमद शाह र रानीलाई कोभिड-१९ को सङ्क्रमण पुष्टि भएको दरबारका अधिकारीले शनिबार पुष्टि गरेका छन् ।

उहाँहरूमा हल्का लक्षण देखिएको छ । "शाही दम्पती अहिले आइसोलसनमा हुनुहन्छ । शुक्रबार मध्यरातसम्म १७,४७६ नयाँ कोभिड-१९ सङ्क्रमण देखिएपछि राष्ट्रिय कुल सङ्ख्या ४,२१९,३९५ पुगेको स्वास्थ्य मन्त्रालयले जनाएको छ । साथै थप ३० जनाको मृत्यु भइसकेको छ, जसले देशको कोभिड-१९ बाट मृत्यु हुनेको संख्या ३५,०१३ पुगेको छ । एजेन्सी

## पुटिनका कारण विश्वभरि मूल्यवृद्धि : बाइडेन

**वासिङ्टन**/अमेरिकी राष्ट्रपति जो बाइडेनले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका कारण विश्वभरि मूल्य वृद्धि भएको आरोप लगाउनुभएको छ ।

रुसले युक्रेनमा आक्रमण गरेपछि तेल र ग्यासको मूल्य बढेपछि अन्य क्षेत्रमा पनि मूल्य वृद्धि भएको उहाँको भनाइ छ ।

विश्वभरि अहिले मूल्य वृद्धि भएको र कतिपय देशमा ऊर्जा, खाद्यान्नलगायतको अभावसमेत भएको उल्लेख गर्दै उहाँले त्यसको दोषी पुटिन नै भएको दावी गर्नुभयो । शुक्रबार उहाँले भन्नुभयो, "रुसले युक्रेनमाथि आक्रमण गरेको शनिबार ३८ दिन भइसक्यो, आक्रमणको असर दिनप्रति दिन विश्वभरि फैलिँदै र थप गहिरो पर्दै गएको छ, रुसको आक्रमणले युक्रेनमा मात्र नभइ विश्वभरि नै हानी गरेको छ ।" उहाँले मूल्यवृद्धि घटाउन पनि पुटिनले भूमिका खेल्नुपर्नेमा जोड दिँदै मूल्य नघटेमा त्यसको दोषी पुटिन नै हुने टिप्पणी गर्नुभयो ।

"यो मूल्यवृद्धि अझै कहाँसम्म पुग्ने हो भन्ने कुरा अनुमान लगाउन नसकिने अवस्था छ," सामाजिक सञ्जाल ट्विटरमा उहाँले लेख्नुभएको छ । आफूले दिएको सुझाव र आग्रहलाई पुटिनले वेवास्ता गरेकाले विश्वभरलाई नै असर पर्ने काम भइरहेको भन्दै उहाँले चिन्ता व्यक्त गर्नुभयो ।

राष्ट्रपति बाइडनले तत्काल युद्ध रोक्न र वार्तामार्फत विवाद अन्त्य गर्न पटक पटक आग्रह गर्दै आएको पनि स्मरण गराउनु भएको छ ।

## भारतमा १२ दिनमा १० पटक पेट्रोलियम पदार्थको मूल्य वृद्धि

**नयाँदिल्ली**/भारतमा पछिल्लो १२ दिनमा १० पटक पेट्रोलियम पदार्थको मूल्य वृद्धि भएको छ । अन्तरराष्ट्रिय बजारमा पनि पेट्रोलियम पदार्थको मूल्य वृद्धि भएकाले भारतमा पनि बढाउनुपरेको अधिकारीले जनाएका छन् ।

पछिल्लो समय शनिबारप्रति लिटरमा ८० पैसाको दरले मूल्य वृद्धि भएको विवरण सार्वजनिक गरिएको छ । पछिल्लो १२ दिनमा १० पटक मूल्य वृद्धि हुँदा पहिलाभन्दा प्रति लिटरमा ७.२० प्रतिशत मूल्य बढी भएको अधिकारीले जानकारी दिएका छन् । सङ्घीय राजधानी नयाँ दिल्लीमा अहिले प्रतिलिटर पेट्रोलको मूल्य रु १०७.६१ भारतीय पुगेको छ । त्यसैगरी डिजेलको मूल्य प्रतिलिटर ९३.८७ भारतीय रुपैया रहेको छ । एजेन्सी

# प्रगतिशील लेखक संघ गठन




**राजविराज**/प्रगतिशील लेखक संघ सप्तरीको दोस्रो जिल्ला सम्मेलनबाट सर्वसहमतरूपमा मेघराज पौड्यालको अध्यक्षतामा १३ सदस्यीय नयाँ समिति गठन भएको छ ।

नवगठित समितिको उपाध्यक्षमा पुनम पोखरेल, सचिवमा ईश्वरीप्रसाद नेपाल र कोषाध्यक्षमा गिरीराज पौडेल चयन भएका छन् भने सदस्यहरूमा मनोहर पोखरेल, सुमित्रा दास, किशोर चौधरी, इन्द्र बहादुर थापा, अभित चौधरी, जयराम मण्डल र बैजनाथ यादवलाई चयन गरिएको छ ।

सप्तरीको कञ्चनरूपमा आयोजित प्रगतिशील लेखक संघको दोस्रो जिल्ला सम्मेलनमा माध्यमिक विद्यालयमा अध्ययनरत नवप्रतिभाहरू सुमित्रा परियार, प्रज्ञा कोइराला र विपशा चौधरीलाई प्रोत्साहनका लागि सम्मान गरिएको छ ।

मेघराज पौडेलले स्वागत मन्तव्य र गिरीराज पौडेलले सञ्चालन गरेको सम्मेलनमा एक दर्जन स्रष्टाहरुले कविता र लघुकथा वाचन गरेका थिए ।

# जिर्ण सडक मर्मतका लागि प्रदर्शनसहित ज्ञापन

**राजविराज**/सप्तरीको राजगढदेखी विष्णुपुर गाउँपालिका हुँदै सदरमुकाम राजविराजसम्म पुग्ने एकमात्र सडक अत्यन्त जिर्ण र जोखिमपूर्ण रहेको भन्दै मर्मत सम्भारका लागि प्रदर्शनसहित जिल्ला प्रशासन कार्यालय सप्तरीमा ज्ञापनपत्र बुझाइएको छ ।

स्थानिय जनप्रतिनिधि, विद्यार्थी, शिक्षक, विभिन्न राजनीतिक दलका प्रतिनिधिलगायतले प्रदर्शन गर्दै जिल्ला प्रशासन कार्यालय पुगेर ज्ञापनपत्र बुझाएको हो ।

दुई वर्षदेखी बिग्रेको उक्त बाटो बनाउन कुनै निकायले चासो नदिदा सुख्खायाममा धुलाम्मे र वर्षायाममा हुने हिलाम्मेका कारण निकै सास्ती भोग्नु परिहरको स्थानियको भनाई छ ।

उक्त सडकखण्डमा पाइला पिच्छे परेका खाल्डा खुल्डीले साना ठूला सबै सवारीसाधन आवतजावतमा सकस हुने गरेको छ । जिर्ण सडककै कारण विद्यालय पुग्न पनि सो क्षेत्र र आसपासका विद्यार्थीहरुलाई समस्या हुने गरेको स्थानिय अभिभावक उमेश यादवले गुनासो गरे ।

सहायक प्रमुख जिल्ला अधिकारी सुभास कुमार लामिछानले ज्ञापनपत्र बुझ्दै उक्त सडकखण्ड मर्मतका लागि आफूले सम्बन्धित निकायमा पहल गर्ने आश्वासन दिएका थिए ।

# महासंघकी उपाध्यक्षलाई पितृशोक

**राजविराज**/नेपाल पत्रकार महासंघ शाखा सप्तरीकी महिला उपाध्यक्ष अम्बिका दहालका पिता दिपबहादुर दाहालको ९० वर्षको उमेरमा सोमबार निधन भएको छ ।

सप्तरीको कञ्चनरुप नगरपालिका ११ स्थायी निवासी (हाल नागदह, काठमाडौं) मा बसोवास गर्दै आएका स्व. दहालको ३ छोरा, ४ छोरी, ११ नातिनातिना तथा ३ पनाती छन् ।

महासंघ सप्तरीका सचिव रामनारायण विश्वासद्वारा जारि शोक वक्तव्यमा उनको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गरिएको छ ।

# स्थापना दिवसमा प्रभातफेरी र रक्तदान

**राजविराज**/नेपाल पत्रकार महासंघको ६७ औं स्थापना दिवसको अवसरमा बुधबार प्रभातफेरी तथा रक्तदान कार्यक्रमको आयोजना गरिएको छ ।

शाखाको प्राङ्गणबाट शूरु भएको र्‍याली नगरक्षेत्र परिक्रमा गरेको थियो । प्रभातफेरी पश्चात गजेन्द्रनारायण सिह अस्पताल परिसरमा रहेको रेडक्रस सोसाईटी शाखाद्वारा संचालित रक्त संचारसेवा केन्द्रमा रक्तदान कार्यक्रमको आयोजना गरिएको थियो ।

रक्तदान कार्यक्रममा जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक अविनारायण काफ्ले, सशस्त्र प्रहरी निरीक्षक किसमान तामाङ, महासंघका जिल्ला अध्यक्ष श्रवण देव, पत्रकारहरु रक्षा चौधरी, ओमप्रकाश साह, हेमशंकर सिंह, रामनारायण यादव, शैलेशकुमार कर्ण, सशस्त्र प्रहरी सजित श्रेष्ठ, रबिन राई, कुवेर बोहरा, कमलप्रसाद गौतम, उद्धवप्रसाद चौलागाई, प्रेस युनियनका रामानन्द देव, दीपेशदेव जोशी, रवीन्द्र साह लगायत १६ जनाले रक्तदान गरेका थिए ।

# एक थान कटुवा पेस्तोल बरामद

**राजविराज**/सप्तरीको राजगढ गाउँपालिका ६ बाट सशस्त्र प्रहरीले भारतबाट नेपाल ल्याउँदै गरेको एक थान कटुवा पेस्तोल बरामद गरेको छ ।

प्रहरीका अनुसार उक्त गाउँपालिका ६ बर्दाहीस्थित आँपको बगैचाबाट उक्त कटुवा पेस्तोल बरामद गरिएको हो ।

भारतबाट चोर बाटो हुँदै लुकिछिपि हतियार ल्याउँदै गरेको गोप्य सूचना आएपछि पुगेको प्रहरी टोलीलाई देख्ना साथ ती व्यक्तिले साथमा रहेको झोला फ्याली फरार भएको सशस्त्र प्रहरी बल नेपाल नं. ६ गण हेड क्वाटर सप्तरीका सूचना अधिकारी श्याममणि ढकालले जानकारी दिएका छन् ।

झोला चेकजाच गर्दा बरामद भएको कटुवा पेस्तोल आवश्यक प्रक्रिया पुरा गरि जिल्ला प्रहरी कार्यालयमा बुझाएको छ ।

# हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता

**बलानबिहुल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मल्हनिया, सप्तरी**

# नोबेल अस्पतालमा चिकित्सक मृत भेटिए

**राजविराज**/राजविराज घर भएका एक चिकित्सक विराटनगरस्थित नोबेल अस्पतालमा मृत फेला परेका छन् ।

हाल बिराटनगरमा बस्दै आएका सोही अस्पतालमा कार्यरत २८ वर्षीय विजय यादव शनिबार बिहान नोबेल अस्पताल अगाडि मृत भेटिएका हुन् ।

उनी मृत अवस्थामा भेटिएको स्थानीयले जानकारी गराए लगत्तै प्रहरी टोली पुगेर अनुसन्धान गरिरहेको छ ।

एमबीबीएस चिकित्सक यादव नोबेल अस्पताल तीन वर्षदेखि काम गर्दै आएका थिए । उनी अर्थोपेडिक वार्डमा कार्यरत थिए ।

यसैबीच मृतकका आफन्तले चिकित्सक यादवको हत्या भएको भन्दै घटनामा संलग्नलाई कारबाही गरिनुपर्ने मागसहित नाराबाजी गरेका छन् ।

# भारतीय प्रम मोदी र नेपालका प्रम देउवाले संयुक्त रुपमा गरे जनकपुर-जयनगर रेलको उद्घाटन



**जनकपुरधाम**/जनकपुर-जयनगर रेलको शनिबार उद्घाटन भएको छ । भारतको तीन दिने भ्रमणमा रहनुभएका प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय समकक्षी नरेन्द्र मोदीले दिल्लीस्थित हैदराबाद हाउसबाट संयुक्त रुपमा भर्चुअल माध्यमबाट रेल सेवाको उद्घाटन गरेका हुन् ।

उद्घाटन भएसँगै अब आइतबारदेखि रेल नियमित रुपमा चलाउने तयारी छ । दिनको दुईपटक जयनगरबाट रेल गुड्ने नेपाल रेलवे कम्पनीले जनाएको छ ।

एकपटमा एउटा रेलमा १ हजार ३ सय ५० यात्रुले यात्रा गर्न सक्ने कम्पनीको भनाइ छ । रेलमा सिटमा बसेर र उभिएर यात्रा गर्ने व्यवस्था पनि मिलाइएको रेलवे कम्पनीले जनाएको छ ।

जनकपुर-जयनगर ७० र कुर्था-जयनगर ९० रुपैयाँ भाडा कायम गरिएको छ । एसी सिटका लागि भने जनकपुर-जयनगर ३५० र कुर्था-जयनगर ४५० रुपैयाँ भाडा कायम गरिएको कम्पनीले छ ।

२०७७ असोजमा दुवै रेल सेट भारताबाट जनकपुर ल्याइएको थियो । लामो समयसम्म रेल पालले छोपेर राखिएकोमा गएको फागुन १ गतेदेखि 'ड्राई रन' अर्थात यात्रु नराखी चलाउन थालिएको थियो ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.

राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit | CITY EXPRESS MONEY TRANSFER | Best Remit Quick & Easy | PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*